नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९, स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ | अंक २२८ | २०७९ साल चैत २९ गते बुधबार (12 Apr. 2023 Wednesday) | मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**हावाहुरीबाट बचौं र बचाऔं**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**जनहीतका लागि**

*यस अंक भित्र :* २ पृष्ठमा : अर्थतन्त्र लयमा ल्याउन सरकारेल... ३ पृष्ठमा : उपचार खर्च तिर्न नसक्दा ... ३ पृष्ठमा आतङ्कवादीसँगको झडपमा..

## आगलागिमा दुई जना घाइते, ६ घर जल्दा २४ लाख मुल्य बराबरको क्षति



**दैनिक समाचारदाता**
**राजविराज, २८ चैत ।**

सप्तरीको कंचनरुप नगरपालिका, रुपनी गाउँपालिका र महादेवा गाउँपालिकामा आगलागि दुई जना घाइते भएका छन् भने आगलागिमा ६ घर गरि २४ लाख मुल्य बराबरको क्षति भएको छ ।

मंगलबार बिहान कंचनरुप नगरपालिका १ बैरवामा आगलागि हुँदा दुई जना घाइते भएका छन् भने तीन घर समेत जलेर ९ लाख मुल्य बराबरको क्षति भएको छ ।

स्थानिय बिनय खंगको भान्सा कोठाबाट खाना पकाउने क्रममा सल्केको आगो फैलिएर उनका साथै छिमेकी रामेश्वर खंग र धुरेन्द्र खंगको घर पनि नष्ट भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी नरेशकुमार सिंहले जानकारी दिए ।

अचानक भएको आगलागि निभाउने क्रममा ५२ वर्षिय बिनय खंग र ३५ वर्षिय गजिन्द्र सदा घाइते भएका छन् । जलेर गम्भिर घाइते भएका बिनय खंगलाई उपचारका लागि धरानस्थित विपि कोइराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान पठाइएको छ भने गजिन्द्रको स्थानिय धर्मेश्वर अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार फुस र टाटीको बेराले बनेको घर, लत्ताकपडा, भाडाकुडा र खाद्यान्न सबै जलेर बिनयको ५ लाख, रामेश्वरको २ लाख ५० तथा धुरेन्द्रको १ लाख ५० हजार गरि ९ लाख मुल्य बराबरको सम्पत्ति नष्ट भएको छ ।

यता सोमबार राती जिल्लाको रुपनी गाउँपालिकामा आगलागि हुँदा दुई घर जलेर नष्ट भई १० लाख बराबरको क्षति भएको छ ।

वडा नं. २ स्थित रामनारायण साहको घरमा बिद्युत सर्ट भई आगलागि हुँदा उनका भाई शिवनारायण साहको समेत घर जलेर नष्ट भई सो परिमाणको क्षति भएको डिएसपी सिंहले जानकारी दिए ।

आगलागिमा तीन वटा पशु चौपायासमेत जलेर मरेको उनले बताए । दुबै ठाउँको आगलागि नियन्त्रणका लागि शम्भुनाथ नगरपालिका, कंचनरुप नगरपालिका र मधेश प्रदेश प्रहरी तालिम केन्द्रको बारुणयन्त्र तथा प्रहरी र स्थानियवासीको मद्दतले दुई घण्टाको प्रयासपछि नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

*बाँकी अन्तिम पृष्ठमा*

## कोरोना संक्रमित एकको मृत्यु

काठमाडौं, २८ चैत (रासस) ।

कोरोना भाइरस सङ्क्रमित एकको मंगलबार मृत्यु भएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्कअनुसार मंगलबार दुई हजार चार सय ३६ जनामा गरिएको परीक्षणमा एक सय छजनामा सङ्क्रमण देखिएको छ । यस्तै, मंगलबार ४८ जना उपचारपछि घर फर्किएका छन् ।

मन्त्रालयले अझै केही दिनसम्म सङ्क्रमण बढ्ने देखिएको जनाएको छ । हाल सक्रिय सङ्क्रमितको सङ्ख्या चार सय ६९ पुगेको छ । काठमाडौं उपत्यकामा २४ जना आइसोलेसन, १३ जना सघन उपचार कक्ष (आइसियु)मा र पाँचजना भेन्टिलेटरमा उपचाररत छन् ।

नेपालमा छिमेकी देशमा भारतमा फैलिएको कोरोना भाइरसको नयाँ भेरियन्ट ओमिक्रोन एक्सबिबि. १.१६ देखा परेको छ ।

## विभिन्न मुद्दामा फरार २३ अभियुक्त एकै दिन पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २८ चैत ।**

सप्तरी प्रहरीले अदालतबाट कैद सजाय र जरिवाना तोकिएका विभिन्न अपराधका २३ जना फरार अभियक्तलाई एकै दिन पक्राउ गरेको छ ।

उनीहरुलाई गोप्य सूचनाको आधारमा जिल्ला र सम्बन्धीत इलाकाबाट खटेको प्रहरी टोलीले गाउँघरमै लुकिबसेको अवस्थामा सोमबार दिउँसो पक्राउ गरिएको प्रहरी उपरिक्षक नरेन्द्र कुमार कार्कीले जानकारी दिएका छन् ।

पक्राउ पर्नेमा कुटपिट अंगभंग मुद्दाका सर्वाधिक ७ जना छन् । यस्तै जालसाजि र लुटपाटका चार/चार, लागुऔषध र मुद्दाको शिर्षक नखुलेका तीन/तीन, बोक्सी र कुटपिट लुटपाटका एक/एक जना छन् ।




पक्राउ परेकाहरुबाट १७ लाख ३ हजार ८९ रुँपैया जरिवाना तथा २ वर्ष कैद असुल गरिने प्रहरीले जनाएको छ । पक्राउ परेकाहरुलाई मंगलबार सप्तरी जिल्ला अदालतमा उपस्थित गराउँदा कैद सजाय तोकिएकाहरुलाई राजविराज कारागार चलान गरिएको तथा जरिवाना गरिएका हकमा असुली प्रक्रिया अघि बढाइएको प्रहरी उपरिक्षक कार्कीले बताए ।

विभिन्न अपराधमा संलग्न उनीहरुमाथी मुद्दा चलाउँदा अदालतले कैद सजाय र जरिवाना लगायतका फैसला सुनाएपछि फरार भएको प्रहरीको भनाई छ । फरार अभियुक्तहरुको संख्या सूची बढेपछि प्रहरीले खोजिकार्यलाई तिब्र बनाएको छ ।

## नापी र मालपोत कार्यालय एकीकृत गरिने

काठमाडौं, २८ चैत (रासस) ।

भूमि प्रशासनको सेवा प्रवाहलाई प्रभावकारी बनाउन नापी कार्यालय र मालपोत कार्यालय एकीकृत गरिने भएको छ ।

भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव डा दामोदर रेग्मीले नापी र मालपोत एउटै प्रकृतिका दुई कार्यालय भएको र सेवाग्राहीले दुईवटा निकाय धाउँदा समस्या भोग्नु परेकाले अब शीघ्र एकीकरण गर्ने कार्य योजना अघि बढाइएको बताउनुभयो ।

नापी बिभागका कर्मचारीलाई मंगलबार सम्बोधन गर्दै उहाँले नापी प्रशासक विषयगत विज्ञ र दक्ष भएकाले यो दक्षताको प्रयोग जनताले सरल र झन्झटरहित हिसाबले सेवा पाउनुपर्ने उहाँको भनाइ थियो । ती दुई कार्यालयलाई एकीकृत गरिएमा सरकारी खर्चमा केही हदसम्म मितव्ययितासमेत कायम गर्न योगदान पुग्नेछ । सचिव डा रेग्मीले भन्नुभयो, “देशमा भूमि हुने र नहुने दुवैमा भूस्वामित्व हुनु आवश्यक हुन्छ, नापीले सबै जग्गाको विवरण तयार गरी भूमिहीनलाई समेत भूस्वामित्व दिने वातावरण निर्माण गर्न सहयोग गर्नुपर्दछ ।”

नापी विभागका महानिर्देशक जनकराज जोशीले अब जिल्लामा मालपोत र नापी दुई बेग्लाबेग्लै कायर्ा लिय रहन आवश्यक नरहेकाले कार्यालय एकीकरण गरी एकै थलोबाट सेवा प्रवाह गरिने बताउनुभयो । उहाँले भन्नुभयो, “भूमि प्रशासनसम्बन्धी सेवा एकै स्थानबाट हुनुपर्छ भन्ने जनताको माग हो ।”

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- बिहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा बिहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**हनुमाननगर कंकालिनी नगरपालिका, सप्तरी**

# अर्थतन्त्र लयमा ल्याउन सरकारले सम्पूर्ण तागत लगाउँछ : प्रधानमन्त्री दाहाल

काठमाडौं, २८ चैत (रासस)।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले अर्थतन्त्र सुधारका लागि सरकारले अधिकतम प्रयास गरिरहेको बताउनुभएको छ।

नेपाल उद्योग वाणिज्य महासङ्घको ५७औं बार्षिक साधारणसभालाई मंगलबार यहाँ सम्बोधन गर्नुहुँदै प्रधानमन्त्री दाहालले मुलुक आर्थिक रुपले चुनौतीपूर्ण रहेको अवस्थामा आफूले जिम्मेवारी सम्हालेको र अहिलेको सङ्कटमोचन गर्ने अवसर यो सरकारलाई रहेको बताउनुभएको हो। " सरकारको सम्पूर्ण तागत अर्थतन्त्रलाई लयमा ल्याउने र त्यसलाई गति दिनेतर्फ केन्द्रित हुन्छ। पछिल्ला दिनहरूमा केही सकारात्मक सङ्केतहरू पनि देखिन थालिसकेका छन्।",

प्रधानमन्त्री दाहालले भन्नुभयो, "मेरो तेस्रो कार्यकाल मुलुकको समग्र आर्थिक अवस्थाका हिसाबले निकै चुनौतीपूर्ण छ र यो चुनौतीलाई सामना गर्ने अवसरका रूपमा पनि मैले हेरेको छु।" नयाँ संविधान निर्माणपछि आर्थिक रूपमा गुणात्मक फड्को मार्ने अपेक्षा गरिए पनि विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिका कारण त्यो सम्भव नभएको दाहालले बताउनुभयो।

"हाम्रो अर्थतन्त्रले भूकम्पको नराम्रो धक्का खायो। त्यसपछि कोभिड- १९ महामारीको कारण विश्वव्यापी रूपमा देखिएको सङ्कटको असर देखियो। राजनीतिक उतारचढाव र अस्थिरताको असर पनि परेको छ। रुस-युक्रेन युद्धको असर अझै देखिइरहेको छ", उहाँले भन्नुभयो। सार्वजनिक र निजी क्षेत्रको सहकार्यलाई प्रभावकारी नबनाइकन आर्थिक सुधार गर्न नसकिने भएकाले अहिलेको सरकारले मन्त्रिपरिषद्को पहिलो बैठकबाटै त्यस्तो निर्णय गरेको उहाँको भनाइ छ। "अर्थतन्त्रको अहिलेको दबाब निजी क्षेत्रको सहयोगबिना सामना गर्न सकिँदैन भनेर सरकारले पहिलो निर्णयबाटै सहकार्य अघि बढाएको छ। यो बीचमा धेरै बैठक र अन्तरक्रिया भएका छन्',' प्रधानमन्त्री दाहालले भन्नुभयो, "निजी क्षेत्रबाट धेरै सुझाव सरकारले लिएको छ। अर्थमन्त्रालय र नेपाल राष्ट्र बैंकसँग पनि प्रधानमन्त्रीका रूपमा मैले धेरै नै छलफल गरेको छु, तर अपेक्षित रूपमा सुधार नभएकै हो।" सरकार अहिले आगामी आर्थिक वर्षको बजेट र नीति तथा कार्यक्रम निर्माणका क्रममा रहेकोले तरलता अभाव समस्या, न्यून राजस्व, रेमिटचान्सलगायत विभिन्न आर्थिक सूचकहरूलाई कसरी सुधार्दै जाने भन्नेबारे गम्भीर रूपमा लागेको प्रधानमन्त्री दाहालको भनाइ छ।

आफ्नो नेतृत्वमा गठन भएको सरकारले अर्थतन्त्रका सूचकलाई कसरी सुधार गर्ने भनेर निकै जोड गरिरहेको र पछिल्ला दिनमा त्यसको नतिजा पनि देखिँदै गएको उहाँले बताउनुभयो। "गएको तीन महिनामा विदेशी मुद्रा सञ्चितिको अवस्थाबाट सन्तोष गर्नुपर्ने ठाउँमा मात्र होइन, उत्साहजनक अवस्थामै पुगेको छ। रेमिटचान्समा पनि राम्रो सुधार भएको छ",
प्रधानमन्त्री दाहालले भन्नुभयो, "राजस्व सङ्कलनमा पनि सकारात्मक सङ्केत देखिएका छन्। बैंक तथा वित्तीय संस्थाको ब्याजदर कम गर्नेबारे सरकारका सबै अङ्गसँग घनिभूत छलफल भइरहेको छ।"

वस्तु उत्पादन, बजार व्यवस्थापन, रोजगारी सिर्जना, राष्ट्रिय आयको वृद्धि र देशको समग्र विकासमा निजी क्षेत्रले उल्लेखनीय भूमिका खेल्दै आएको बताउँनुहुँदै प्रधानमन्त्री दाहालले व्यवसाय सञ्चालनमा आउने व्यवधानहरूमा राज्यले सहजीकरण गर्दै आएको उल्लेख गर्नुभयो। लगानी र व्यवसायमैत्री वातावरण निर्माणका लागि सरकारको पूर्ण सहयोग रहने पनि प्रधानमन्त्री दाहालको भनाइ छ। संविधानले तीन खम्बे अर्थनीतिको व्यवस्था गरेकामा त्यसको प्रभावकारी कार्यान्वयनका लागि पनि उहाँले जोड दिनुभयो।

त्यस्तै कृषि क्षेत्र खस्किँदै गएकोप्रति प्रधानमन्त्री दाहालले चिन्ता व्यक्त गर्नुभयो। "कृषि हाम्रो अर्थतन्त्रको मूल आधार हो। तर पछिल्ला वर्षमा अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान घट्दै गएको र कृषिजन्य वस्तुको आयात अत्यधिक बढ्दै गएको छ", उहाँले भन्नुभयो, "एकातर्फ कृषियोग्य जमिन बाँझो हुँदै जाने र अर्कोतर्फ दक्ष जनशक्ति सस्तो ज्यालादरमा विदेशिनुपर्ने बाध्यता रहेको छ।"

# बाली जोगाउन 'धुआ' र 'बिजुली' को सहारा

महोत्तरी, २८ चैत (रासस)।

वन्यजन्तुले बाली सखाप पारिरहेका बेला महोत्तरीको भङ्गाहा-४ रामनगरका किसान सत्यनारायण यादवले बल्ल राहत पाउनुभएको छ। बँदेल, हरिण र नीलगाईले बाली नोक्सान गरेर धुरुक्क रुवाएका बेला उहाँलाई खेतबारीका कुना-कुनामा बिजुली बालेर ठाउँ-ठाउँमा 'धुआ' (बुख्याचा, झिलुङ्गो) ठडचाइएपछि राहत मिलेको छ।

"यसपालि बँदेल, हरिण र नीलगाईले तरकारी सखाप पारे", उहाँले भन्नुभयो, "खेतबारीका सुरसुरमा बिजुली बालेर धुआ ठडचाएपछि राहत मिलेको छ।" यादवले जस्तै सो बस्तीका अन्य किसानले पनि यो तरिका अपनाएपछि वन्यजन्तुको बिग्याइँ कम भएको छ। "आँखा झिमिक्क गर्न पाइन्नथ्यो, अहिले अलि राहत भएको छ", स्थानीय बहुरा महतो भन्नुहुन्छ।

मकै, गहुँ, उखु र तरकारी बाली लगाएका खेतबारीमा 'धुआ' ठडचाउने पुरानै चलन हो। अहिले यो पुरानो जुक्ति पछ्याएर गरिएको कामबाट बाली बच्ने र वन्यजन्तुलाई पनि चोट नलाग्ने भएपछि किसानले सन्तोष महसुस गरेका छन्।

"बिजुली पहिले नहुँदा त्यतिखेरका किसानले बाली भएको खेतबारीमा राँको बाल्ने र बुख्याचा ठडचाउने गर्थे, यो पुरानो चलन हराएको थियो"└ , स्थानीय अरुण गिरीले भन्नुभयो, "पुरानो यो विधि प्रभावकारी नै रहेछ।" यो तरिका खासै खर्चिलो नभएको किसान बताउँछन्। बिजुली बाल्न धेरथोर खर्च भए पनि 'धुआ' त पुराना झुत्राझुत्री लुगा र बाँसका भाटाले नै ठडचाउन सकिन्छ।

"हैरान भइन्थ्यो, राती पनि सुत्न पाइन्नथ्यो", बर्दिबास नगरपालिका-९ पशुपतिनगरका महेन्द्र महतोले भन्नुभयो, "यसपालि हिउँदमा तरकारी बारीमा तीन-चार ठाउँ बिजुली बालेर धुआ (मैथिलीमा मुर्कट) ठडचाइएपछि सहज भएको छ।" वन्यजन्तुले बाली खाएको देखेपछि लघार्दा कैयौं बस्तीमा नीलगाई मारिएका र बँदेललाई पासो थापेर मार्ने गरेका घटना पनि अब कम हुने किसानको विश्वास छ।

पछिल्ला केही वर्षयता महोत्तरीमा वन क्षेत्रबाट जिल्लाको भारतीय सीमावर्ती भेगसम्म नीलगाई र बँदेल बस्ती-बस्ती पसेर बालीनाली नोक्सान गरेपछि किसान दिक्क हुँदै आएका छन्। दुम्सी र बाँदरचाहिँ बनक्षेत्र नजिकका बस्तीमा मात्र पसे पनि बँदेल, हरिण र नीलगाई सुदूर दक्षिणी भेगसम्म देखिएका छन्। दिनभरि घारितिर लुकेर मध्यरातपछि तरकारी बाली, गहुँ, नयाँ उखुका हुर्कँदै गरेका बोट र केराका थामसमेत उखेल्ने बँदेलले हैरान पारेका बेला 'धुआ' र 'बिजुली'ले आफूहरूलाई राहत दिएको किसानको भनाइ छ।

पछिल्लोपटक भङ्गाहा र बर्दिबास नगरक्षेत्रका किसानले अपनाएका यो तरिका अब जिल्लाका अन्य भेगका किसानले पनि अनुशरण गरेका छन्। "बिजलपुरा आफन्त भेट्न गएको थिएँ, त्यहाँ बिजुली र धुआ वन्यजन्तुको क्षति रोक्न प्रभावकारी बनेको देखें", बर्दिबासका-१० बटुवाका लक्ष्मीप्रसाद सिंह कुशवाहाले भन्नुभयो, "आफ्नो बस्ती फर्केर यो उपाय अपनाएँ, अहिले त धेरै किसानले यो सिको गर्नुभयो।"

अहिले महोत्तरीका उत्तरी क्षेत्रका बर्दिबास, गौशाला, भङ्गाहा र औरहीसहित छिमेकको धनुषा जिल्लाको मिथिला र क्षिरेश्वर नगरपालिका एवं बटेश्वर गाउँपालिकाका बस्ती-बस्तीमा वन्यजन्तुबाट बाली जोगाउन किसानले 'धुआ' र 'बिजुली'को उपाय अपनाएका छन्।

# २९ दशमलव नौ प्रतिशतले घट्यो निर्यात

काठमाडौं, २८ चैत (रासस)।

चालु आर्थिक बर्षको आठ महिनामा रु एक खर्ब ४ अर्ब ८० करोड बराबरको स्वदेशी वस्तुको निर्यात भएको छ। जुन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २९ दशमलव १ प्रतिशतले निर्यातमा कमी हो। अघिल्लो वर्ष निर्यात ८२ दशमलव नौ प्रतिशतले बढेको थियो।

नेपाल राष्ट्र बैंकका अनुसार समीक्षा अवधिमा भारततर्फ ३७ दशमलव पाँच प्रतिशत र चीनतर्फ चार दशमलव नौ प्रतिशतले निर्यातमा कमी आएको छ। अन्य मुलुकतर्फको निर्यात छ दशमलव शून्य प्रतिशतले वृद्धि भएको छ।

वस्तुगत आधारमा जिंक सिट, अलैंची, पार्टिकल बोर्ड, ऊनी गलैंचा, चिया लगायतका वस्तुको निर्यात बढ्दा सोयाबिन तेल, पाम तेल, पिना, लत्ताकपडा, सुन चाँदीका सामान तथा गरगहना लगायतका वस्तुको निर्यात घटेको छ।

समीक्षा अवधिमा निर्यातसँगै बिदेशी वस्तुको आयातमा समेत कमी आएको छ। गत आवको तुलनामा आयात १९ दशमलव १ प्रतिशतले घटेर रु १० खर्ब ५८ अर्ब ३९ करोडमा सीमित भएको छ।

अवधिमा भारतमा १७ दशमलब छ प्रतिशत र चीनमा २१ दशमलब सात प्रतिशतले आयातमा कमी आएको हो। यस्तै, अन्य मुलुकबाट हुने आयातमा समेत २१ दशमलब चार प्रतिशतले कमी आएको छ।

वस्तुगत आधारमा पेट्रोलियम पदार्थ, रासायनिक मल, स्पञ्ज आइरन, सुन, अन्य स्टेशनरी सामानलगायतका वस्तुको आयात बढ्दा सवारी साधन तथा स्पेयर पार्टस्, औषधी, एमएस बिलेट, कच्चा भटमासको तेल, दूरसञ्चारका उपकरण तथा पार्ट्स लगायतका वस्तुको आयात घटेको हो।

निर्याततर्फ भैरहवा, जलेश्वर, कैलाली, कृष्णनगर, मेची, नेपालगञ्ज, रसुवा र त्रिभुवन बिमानस्थल भन्सार कार्यालय बाहेकका प्रमुख नाकाबाट गरिएको निर्यात घटेको छ भने आयाततर्फ सम्पूर्ण प्रमुख नाकाबाट कमी आएको उल्लेख छ।

समीक्षा अवधिमा कुल वस्तु व्यापार घाटा १७ दशमलव नौ प्रतिशतले कमी आई रु ९ खर्ब ५३ अर्ब ५९ करोड पुगेको छ। अघिल्लो बर्षको सोही अवधिमा यस्तो घाटा ३४ दशमलव पाँच प्रतिशतले बढेको थियो।

समीक्षा अवधिमा निर्यात-आयात अनुपात नौ दशमलव नौ प्रतिशत पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात ११ दशमलव तीन प्रतिशत थियो। समीक्षा अवधिमा भारतबाट परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी रु ८५ अर्ब १२ करोड बराबरको वस्तु आयात भएको छ। अघिल्लोवर्षको सोही अवधिमा यस्तो आयात रु एक खर्ब ४७ अर्ब तीन करोड बराबरको भएको थियो।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# उपचार खर्च तिर्न नसक्दा छोराछोरीसँगै मन्तोरिया अस्पतालमै बन्धक

धनुषा, २८ चैत (रासस)।

मोटरसाइकलको ठक्करबाट गम्भीर घाइते भएकी धनुषाको सबैला गाउँपालिका–९ की मन्तोरिया राय उपचारवापतको खर्च बुझाउन नसक्दा अस्पतालमै बन्धक हुनुहुन्छ। गत माघ १२ गते उहाँलाई मोटरसाइकलले ठक्कर दिएको थियो। गम्भीर घाइते अवस्थामा मन्तोरियालाई उपचारका लागि जनकपुरधाम मुरलीचोकस्थित न्यूरो अस्पताल गरिएको थियो।

उपचार भएपछि उहाँलाई अस्पतालले गत फागुन २० गते घर फर्काउने निर्णय गरेको थियो। तर अस्पतालमा उपचारवापतको खर्च तिर्न नसक्दा मन्तोरिया घर जान सक्नुभएको छैन। उहाँ अस्पतामै तीन छोराछोरीसहित बन्धक हुनुहुन्छ। उहाँले अस्पताललाई उपचारवापतको रु छ लाख ६९ हजार तिर्न बाँकी छ। सो रकम तिर्न नसक्दा मन्तोरिया अस्पतालबाट घर फर्कन नपाउनुभएको हो। उहाँसँगै वृद्ध ससुरापनि अस्पतालमै रहनुभएको छ।

"हमरा सभके खाइला नै पुगै है, अतेक रुपैयाँ तिरक घर केना जेबै, हमर बालबच्चाके केना पलतै हौं (हामीलाई खानै पुग्दैन। यति पैसा कहाँबाट तिरेर घर जानु, मेरो बालबच्चाको लालनपालन कसरी हुन्छ ?", मन्तोरिया रायले रुँदै भन्नुभयो।

कान्छो छोराको बालपोषण भत्ता लिन गत माघ १२ गते मन्तोरिया सबैला बजारको एक बैंकमा खाता खोल्न जानुभएको थियो। बैंकमा खाता खोलेर पैदल फर्किरहेका बेला सत्तोखर गोविन्दपुर सडकखण्डमा बा६१प ६६३३ नंको मोटरसाइकलले उहाँलाई ठक्कर दियो। प्रत्यक्षदर्शीका अनुसार मोटरसाइकलको ठक्करबाट सडकमा लड्नुभएकी मन्तोरियालाई मोटरसाइकलले ४०-५० मिटर परसम्म घिसारेको थियो। यसरी सडकमा घिसारिएपछि उनको शरिरको विभिन्न भागमा चोट लाग्यो।

मोटरसाइकल धनुषाकै सहिदनगर नगरपालिका–१ बेमर्खी टोलका २५ वर्षीय दीपककुमार रायले चलाएका थिए। सोही ठाउँका ३५ वर्षीय गजेन्द्र यादव पछाडि सवार थिए। चालक राय तत्काले समातिए। पछाडि बसेका यादव भने अहिलेसम्म फरार छन्। चालक रायको घरपरिवारको अवस्था दयनीय छ। उनी मन्तोरियालाई भेट्न अस्पतालसमेत आएनन्। दुर्घटनापश्चात मन्तोरियाका ससुरा रामप्रसादले प्रहरीमा मोटरसाइकलका चालक राय र पछाडि सवार यादवमाथि किटानी जाहेरी दर्ता गराएका थिए।

अङ्गभङ्ग मुद्दामा चालक राय हाल जिल्ला अदालत धनुषाको आदेशमा सिन्धुली कारागारको थुनामा छन्। मन्तोरियाको परिवारले जसोतसो ऋण काढेर र समाजबाट चन्दा उठाएर पाएको भन्डै रु १० लाख अस्पताललाई तिरेको छ। तर बाँकी पैसो तिर्न उहाँसित कुनै उपाय छैन। मन्तोरिया आफूलाई घर फर्किने वातावरण बनाइदिन हारगुहार गर्दै आउनुभएको छ।

सुरुमा दुर्घटनापछि उनलाई उपचारका लागि प्रादेशिक अस्पताल जनकपुरमा भर्ना गरिएको थियो। तर त्यहाँ उपचार सम्भव नभएपछि न्यूरो अस्पतालमा भर्ना गरिएको थियो। मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गत रहेको प्रादेशिक अस्पतालले यसरी नै गम्भीर प्रकृतिका बिरामी घाइतेलाई उपचार नगरी निजीमा सिफारिस गर्ने गरेका छन्।

अहिले ३० वर्षीया मन्तोरियासँगै दुई छोरा र एक छोरी पनि आमासँगै घर जाने दिनको प्रतीक्षामा छन्। मन्तोरियाको सम्पत्तिका नाममा केवल दुई धुर घडेरीमा छाप्रो छ। उहाँसँगै आठ वर्षीया छोरी वर्षा, पाँच वर्षीय छोरा महेश्वर, तीन वर्षीय उमेश र ७१ वर्षीय ससुरा रामप्रसाद अस्पतालमामै बस्न बाध्य छन्। रामप्रसादले जसोतसो बुहारीको हेरचाह गर्नुभएको छ, तीन नाति–नातिना सम्हाल्नुभएको छ।

मन्तोरियाका पति रामबहादुर राय वैदेशिक रोजगारीका सिलसिलामा कतारमा हुनुहुन्छ। गत कात्तिकमा रामबहादुर कतार गएदेखि मन्तोरियाले घर सम्हाल्दै हुनुहुन्थ्यो तर, दुर्घटनामा परेदेखि सारा परिवार नै नराम्ररी बिथोलिएको छ। पति रामबहादुरको पनि कमाइ छैन। उनी गएको कम्पनी बन्द भएर घर फर्किने अवस्था आएको मन्तोरियाले सुनाउनुभयो।

अस्पतालका व्यवस्थापक सञ्जय मण्डलले मन्तोरिया अस्पताल भर्ना हुँदा बाँच्ने सम्भावना निकै कम भए पनि अस्पतालको समुचित रेखदेख र उपचारले उनलाई बचाएको बताउनुभयो। मण्डलका अनुसार मन्तोरियाको पेटमा तीनवटा शल्यक्रिया भएको छ। केही भाग आन्द्रा काटेर हटाइएको छ। दुवै खुट्टाको घुँडादेखि पैतालाको बीचको भागको हाँड भाँच्चिएकाले शल्यक्रिया गरी दुवैमा स्टिल जडान गरिएको छ। दायाँ हात पनि भाँच्चिएको थियो।

अस्पतालका व्यवस्थापक मण्डलले भन्नुभयो, "जुन अवस्थामा मन्तोरिया भर्ना हुनुभो। बाँच्ने अवस्था न्यून थियो। तर हामीले भरपुर प्रयास गरेर सबै शल्यक्रिया सफल पार्यौं। दुई महिनापछि उहाँ अलिअलि हिँड्ने, बोल्ने अवस्थामा आउनुभएको छ", ठक्कर दिने र घरपरिवारले उपचार खर्च तिर्न नसक्दा उनको उपचारमा अस्पताल नराम्ररी फसेको छ।

मन्तोरिया देवीको विषयमा थाहा पाएर सबैला नगरपालिकाका प्रमुख कारीराम यादव सोमबार अस्पताल पुगेर अवस्था बुझ्नुभएको छ। उहाँले दुई दिनभित्र मन्तोरियालाई अस्पतालबाट मुक्त गराएर लग्ने आश्वासन दिनुभएको छ।

नगरप्रमुख यादवले भन्नुभयो, "यस विषयमा सबैला कार्यपालिकाको बैठक राखेर छलफल गर्छौं, उपचार खर्चबारे के गर्न सकिन्छ उचित निर्णय गर्छौं। यो घटनालाई गम्भीरतापूर्वक लिएका छौं।"

त्यसैगरी जिल्ला प्रशासन कार्यालय धनुषाबाट प्रशासकीय अधिकृत किरण मिश्रको नेतृत्वमा टोली सोमबार मन्तोरिया बन्धक भएको घटनाबारे बुझ्न अस्पताल पुगेको थियो। टोलीले अस्पतालको अनुगमनसमेत गरेको छ।

# फागुनमा एक खर्ब चार अर्ब विप्रेषण भित्रियो

काठमाडौं, २८ चैत (रासस)।

चालु आर्थिक वर्षको आठ महिनामा विप्रेषण आप्रवाह २५ दशमलव तीन प्रतिशतले बढेको छ। गत आवको आठ महिनामा एक दशमलव तीन प्रशितले घटेको विप्रेषण आप्रवाह चालु आवमा भने बढेको हो।

नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको तथ्याङ्क अनुसार फागुनसम्म विप्रेषण रु सात खर्ब ९४ अर्ब ३२ करोड आएको छ। फागुनमा मात्रै रु एक खर्ब चार अर्ब बढी विप्रेषण भित्रिएको राष्ट्र बैंकले जनाएको छ। गत माघसम्म रु छ खर्ब ८९ अर्ब ८८ करोड रेमिट्यान्स आएको थियो।

चालु आवको आठ महिनामा अमेरिकी डलरमा विप्रेषण आप्रवाह १४ दशमलव ८ प्रतिशतले वृद्धि भई रु छ अर्ब नौ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो अप्रवाह २ दशमलव ६ प्रतिशतले घटेको थियो।

समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत–नयाँ) लिने नेपालीको सङ्ख्या ५४ दशमलव तीन प्रतिशतले वृद्धि भई तीन लाख ५१ हजार सात सय ६१ पुगेको छ। त्यसैगरी वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको सङ्ख्या समीक्षा अवधिमा ८ प्रतिशतले वृद्धि भई एक लाख ९२ हजार पाँच सय ५९ पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो सङ्ख्या २४० दशमलव तीन प्रतिशतले बढेको थियो।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जंगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आवश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल**: गोबर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिंगरलिङ्गलको स्टोकिंग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रनिधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी १ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी २ | स्टोकिङ्ग डेन्सिटी ३ | स्टोकिङ्ग डेन्सिटी ४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रहु | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**माछाको आहार बिहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| निगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोबाईल नं. ९८५२८२०९३५


## विश्व समाचार

### आतङ्कवादीसँगको झडपमा चार जना प्रहरी मारिए

इस्लामावाद, २८ चैत (रासस/सिन्ह्वा)।

दक्षिण पश्चिम पाकिस्तानमा आतङ्कवादीसँगको झडपमा चार जना प्रहरीको मृत्यु भएको छ। बलुचिस्तान प्रान्तमा आतङ्कवादीसँग मंगलबार बिहान भएको झडपमा चार जना प्रहरीले ज्यान गुमाएका कानुन कार्यान्वयन निकायले जनाएका छन्। प्रान्तीय राजधानी क्वेटामा आतङ्कवादीहरूबारे गुप्तचर सूचना पाएपछि खोजी अभियान चलाइरहेका क्वेटा दुई पक्षबीच गोली हानाहान भएको थियो। त्यसक्रममा दुई प्रहरीको घटनास्थलमै मृत्यु भएको तथा अन्य दुई जनाको उपचारका क्रममा अस्पतालमा मृत्यु भएको प्रहरीले जनाएको छ। प्रहरीले विद्रोहीतर्फ भएको क्षतिबारे जानकारी दिएको छैन।

सोमबार सोही शहरमा भएका दुई वटा विष्फोटमा चार जनाको ज्यान गएको र १९ जना घाइते भएपछि प्रहरीले आतङ्कवादीविरुद्ध खोजी अभियान थालेको थियो। आतङ्वादीले प्रहरीका सवारी साधनलाई लक्ष्य गरी बम बिछ्याएका थिए। उक्त घटनामा घाइते भएकामा अधिकांश सर्वसाधारण पैदलयात्री छन्। आक्रमणमो जिम्मेवारी प्रतिबन्धितत बलुचिस्तान लिबरेशन आर्मीले लिएको छ।

### खेलौना ठानेर बम खेलाउँदा...

घाज्नी (अफगानिस्तान), २८ चैत (रासस/सिन्ह्वा)।

देशको पूर्वी प्रान्त घाज्नीको नाहुर जिल्लास्थित बोजगी गाउँका केही बालबालिकाले खेलौनाजस्तो एउटायन्त्र भेटेर त्यसैसँग खेल्दा दुई जना बालबालिकाको मृत्यु भएको छ। सोमबार दिउँसो बालबालिकाको एउटा समूहले गाउँमा खेलौनाजस्तो एउटा यन्त्र फेला पारेका थिए। केटाकेटी त्यसैसँग खेलिरहँदा त्यो यन्त्र अचानक विष्फोट हुँदा ती बालबालिकाले ज्यान गुमाएका राज्य सञ्चालित बख्तर समाचार समितिले मंगलबार जनाएको छ। दुवै बालबालिकाको घटनास्थलमा नै ज्यान गएको सुरक्षाकर्मीलाई उद्धृत गर्दै उक्त समाचार समितिले जनाएको छ।

गत आइतबार घाज्नीको छिमेकी कान्दाहार प्रान्तमा यस्तै प्रकृतिको विष्फोट हुँदा एक जना बालकको मृत्यु भएको थियो भने अर्को एक जना घाइते भएका थिए। चार दशक लामो युद्ध र गृहयुद्धले तहसनहस भएको अफगानिस्तानमा विद्रोहीले बिछ्याएका बम विष्फोटमा परी प्रत्येक महिना दर्जनौंले ज्यान गुमाउँदै आएका छन्। बम विष्फोटका यस्ता घटनामा विशेष गरी बालबालिका पर्ने गरेका छन्।

### एक सय युक्रेनी युद्धबन्दी रिहा

किएभ, २८ चैत (रासस/सिन्ह्वा)।

युक्रेन र रुसले युद्धबन्दी आदानप्रदान गरेका छन्। रुससँगको युद्धबन्दी आदानप्रदान सम्झौताअन्तर्गत सोमबार एक सय युक्रेनी बन्दी रिहा भएका हुन्। रुससँगको पछिल्लो कैदी आदानप्रदानमा २० महिलासहित एक सय युक्रेनी बन्दी रिहा भएका युक्रेनी अधिकारीहरूले बताएका छन्। रुसबाट रिहा भएकाहरूमा युक्रेनी सेनाका जवान, राष्ट्रिय गार्ड र नौसेनाका जवान र सीमा सुरक्षा बलका सदस्य रहेका युक्रेनी राष्ट्रपतिको कार्यालयका प्रमुख एन्ड्री येर्माकले बताएका छन्। रिहा भएकामध्ये केही घाइते तथा केही गम्भीर बिरामी छन्। कैदी आदानप्रदान सम्झौताअन्तर्गत युक्रेनले रिहा गरेका रूसी सेनाको सङ्ख्या बारेमा उनले कुनै विवरण दिएका छैनन्।

यसैबीच, युद्धबन्दीको उपचारका निम्ति समन्वय गर्ने युक्रेनी कार्यालयले गम्भीर घाइते भएका पाँच जना रुसी सैनिकलाई रुससमक्ष हस्तान्तरण गरेको छ। किएभले उनीहरूलाई जेनेभा अभिसन्धिअनुसार रुसलाई हस्तान्तरण गरेको हो। मार्च २०२२ देखि रुससँगको बन्दी आदानप्रदानअन्तर्गत हालसम्म दुई हजारभन्दा बढी युक्रेनी मुक्त भएका छन्।

### संविधान रक्षाको प्रस्ताव पारित

इस्लामावाद, २८ चैत (रासस/सिन्ह्वा)।

पाकिस्तानको राष्ट्रियसभाले सन् १९७३ को संविधानको रक्षागर्नेसम्बन्धी प्रस्ताव पारित गरेको छ। उक्त संविधान जारी भएको स्वर्ण महोत्सवका अवसरमा उक्त सभाले देशको संविधानलाई मनसा, वाचा, कर्मणा संरक्षण गर्ने प्रतिबद्धतासहित उक्त प्रस्ताव सोमबार पारित गरेको हो। पारित प्रस्तावअनुसार राष्ट्रियसभाले संविधानको पूर्ण कार्यान्वयन सुनिश्चित गर्न तथा पाकिस्तानका जनताको अधिकार हितको रक्षाका लागि राज्यका सबै अङ्गलाई आवश्यक कदम चाल्न आग्रह गरेको गरिएको छ।

प्रधानमन्त्री शहबाज शरिफले प्रस्तुत गरेको प्रस्तावमा सङ्घीयताको सिद्धान्तलाई संविधानको एक आधारभूत सिद्धान्तका रूपमा कायम राख्नुपर्नेमा जोड दिइएको थियो। साथै उहाँले पाकिस्तानलाई आर्थिक रुपमा विकसित र आत्मनिर्भर मुलुक बनाएर जनतालाई सशक्त बनाउने प्रतिबद्धता पनि व्यक्त गर्नुभएको छ।

"संविधान पाकिस्तानको संरक्षक एवम् मार्गदर्शक सिद्धान्त पनि हो। हामी यसको रक्षाका खातिर आफ्नो जीवन बलिदान गर्न तत्पर छौं," पाकिस्तानी प्रधानमन्त्रीले भन्नुभएको छ। संविधानलाई सबै राज्य संस्थाको जननी भन्दै प्रधानमन्त्री शरिफले देशको संविधानले नै राष्ट्रलाई एकताको सूत्रमा आबद्ध गर्ने र त्यसप्रति सबै नागरिकको अटुट आस्था रहेको बताउनुभयो।

# विद्युत हुकिङ गरि चोरी गर्ने ६ जना पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, २८ चैत ।**

सप्तरीको छिन्नमस्ता गाउँपालिमा मंगलबार बिहान विद्युत हुकिङ गरेर चोरी गरिरहेको अवस्थामा ६ जना पक्राउ परेका छन् ।

विद्युत प्राधिकरण बितरण केन्द्र राजविराज तथा जिल्ला प्रहरी कार्यालयबाट खटेको संयुक्त टोलीले छिन्नमस्ता गाउँपालिका ४ लालापट्टीबाट रामचन्द्र रजक, राजेन्द्र प्रसाद यादव र शत्रुहन यादवलाई पक्राउ गरेको हो ।

यस्तै सोही गाउँपालिकाको वडा नं. ५ लोखरमबाट शिवशंकर पण्डित, गंगा सुतिहार र गणेश मेहता पनि पक्राउ परेका छन् ।

विद्युत पोलमा हुक लगाई बत्ति बालिरहेको अवस्थामा पक्राउ परेका उनीहरुलाई जिल्ला प्रहरी कार्यालयको नियन्त्रणमा राखिएको डिएसपी नरेश कुमार सिंहले जानकारी दिए ।

उनीहरुबाट प्रति व्यक्ति जरिवाना वापत १५ हजार ५ सय रुपैया असुली तथा भविष्यमा यस्ता गल्ति नदोहराउने शर्तमा रिहा गरिने प्रहरीले जनाएको छ ।

### *आगलागिमा दुई जना...*

यस्तै सोमबारै महादेवा २ बस्ने जय कुमात पैकराको घरमा विद्युत सर्ट भई आगलागि हुँदा टाटी र जस्ताले छाएको ३ तल्ले फुसको घर पुर्ण रुपमा जल्दा ४ लाख ५० हजार मुल्य बराबरको क्षति भएको छ । सो आगलागिमा छिमेकी सुरेश इसरको घरको घरमा क्षति हुँदा ५० हजार मुल्य बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यस्तै सोही दिन जिल्लाको शम्भुनाथ नगरपालिकास्थित सब डिभिजन वनकार्यालयको प्राङगणमा राखिएको पुरानो काठहरुमा अचानक आगलागि भएको छ । सो आगलागिमा १५ वटा गुलिया काठ जलेर नष्ट हुँदा एक लाख मुल्य बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

# आगामी वैशाख १ गतेदेखि विराटनगरमा गुट्खा, खैनी र चुरोट निषेध

विराटनगर, २८ चैत (रासस) ।

विराटनगरलाई सफा, सुन्दर, व्यवस्थित र विकसित बनाउने अभियानमा लागेको महानगरले नयाँवर्षको वैशाख १ गतेदेखि सार्वजनिक स्थलहरूमा धुमपान, खैनी, चुरोट, पानपराग, गुट्खालगायतको सेवन गर्न निषेध गर्ने भएको छ ।

गत पुस २७ गते बसेको नगरसभाको निर्णयानुसार महानगर क्षेत्रभित्र धुमपानदेखि प्रेसर हर्न बजाउन निषेध (नो हर्न) गर्न लागिएको महानगरका प्रमुख नागेश कोइरालाले जानकारी दिनुभयो । ध्वनि प्रदुषण नियन्त्रण गर्ने महानगरको योजनाअन्तर्गत सवारी साधनको प्रेसर हर्न बजाउन निषेध गर्न लागिएको उहाँको भनाइ छ । केही हप्ताअघि महानगरले धार्मिक सङ्घसंस्था, साउन्ड सिस्टम प्रतिनिधिलगायतलाई बोलाएर ध्वनि प्रदुषण नियन्त्रण एवं धुमपान र गुट्खा, खैनी खाएर सहर फोहोर गर्ने गरेका विषयमा छलफल गरेको थियो ।

विराटनगर कोशी प्रदेशको राजधानीसँगै प्रदेशको एकमात्रै महानगरपालिका भएकाले यसलाई व्यवस्थित र सभ्य बनाउने दायित्व सबैको भएको प्रमुख कोइरालाले बारम्बार दोहोर्‍याउँदै आउनुभएको छ । उहाँले महानगरले सरसफाइ, फुटपाथ नियन्त्रण, सडकलाई पार्किङ निषेध, कर सङ्कलनलगायतका अभियान सञ्चालन गरिरहेको सुनाउनुभयो । पार्किङस्थललाई व्यवस्थित बनाउने कार्य भइरहेकाले केही दिनभित्रै विगतको निर्णय प्रभावकारी रूपमा कार्यान्वयन गरिने प्रमुख कोइरालाको भनाइ छ ।

उहाँले महानगर क्षेत्रभित्र प्रेसर हर्न नबजाइदिन सरोकारवालालाई आग्रह पनि गर्नुभएको छ । "विराटनगर हामी सबैको हो, यसलाई हामी सबै मिलेर व्यवस्थित र सभ्य सहरका रूपमा स्थापित गर्नुपर्छ", प्रमुख कोइरालाले भन्नुभयो, "सहरको सुन्दरता र सभ्यतासित ध्वनि प्रदुषण पनि जोडिएको हुन्छ । महानगरले अघि सारेको अभियानमा सबैको साथ रहने मैले विश्वास लिएको छु ।" ध्वनि प्रदुषण नियन्त्रणका लागि महानगरवासीबाट थुप्रै सुझाव आएको उपप्रमुख शिल्पा निराला कार्कीले जानकारी दिनुभयो ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**सुरुङ्गा नगरपालिका, सप्तरी**

## डा. कालीप्रसाद यादव

**MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203**

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग

**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

## डा. रिपला आचार्य

**MBBS, MD (BPKIHS) NMC NO. 19992**

**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**

डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी

यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।

**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**

**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**

## शौचालयको प्रयोग गरौं, संक्रमणबाट जोगिऔं

- खुल्ला स्थानमा दिसापिसाब नगरौं।
- शौचालयमा मात्र दिसापिसाब गरौं।
- दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचिमिची हात धोऔं।
- हत्केला, पछाडि, औंलाको बीच, नङलगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं।
- सफा कपडा वा तौलियाले हात पुछौं।

जीवाणुलगायतको संक्रमणबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit · City Express Money Transfer · Best Remit · Prabhu Money Transfer · IME International Money Express · himal remit हिमालरेमिट · CG Money


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*